फोन नं. ०१-४५३९३०५, ०१-४५३९३०९
पोष्ट बक्स नं.: ४३०
इमेल: info@nepalcopyright.gov.np

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
# नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय
नारायणहिटी, काठमाडौं, नेपाल

पत्र संख्या:- २०७८/७९
चलानी नं.:-

## प्रेस विज्ञप्ति

हाल नेपाल भरका चलचित्र घरहरुमा प्रदर्शनमा आइरहेका नेपाली चलचित्रहरुको विभिन्न अंशहरु मोबाइलको माध्यमबाट भिडियो खिची अनाधिकृत रुपमा टिकटक तथा अन्य सामाजिक सञ्जालमा भ्युज बटुल्ने उद्देश्यले राख्ने तथा भिडियोको रुपमा व्यापक प्रयोग भइरहेको जानकारी विभिन्न माध्यमबाट प्राप्त हुन आएकोमा हाम्रो ध्यानाकर्षण भएको छ ।

रचयिता वा प्रतिलिपि अधिकार धनीको अनुमति प्राप्त नगरी वा अन्य कुनै उदेश्यले आफ्नो हक नपुग्ने रचना वा ध्वनिअंकनको प्रतिलिपिहरुको सार्वजनिक सञ्चार गरेमा, अर्काको रचनाले आर्जित गरेको प्रतिष्ठाको फाइदा उठाउने नियतले त्यस्तो रचनाको अनुकरण गरी विज्ञापन वा प्रचार प्रसार गरेमा प्रतिलिपि अधिकारको उल्लंघन भएको मानिने व्यवस्था प्रतिलिपि अधिकार ऐन, २०५९ मा रहेको छ । यसरी दर्शकहरुद्वारा हलभित्र चलचित्र प्रदर्शन भइरहेको समयमा भिडियो खिच्ने र अनाधिकृत रुपमा टिकटक तथा अन्य सामाजिक सञ्जालमा प्रयोग गर्ने/गराउनेलाई ऐ. ऐन बमोजिम कसूरको मात्रा अनुसार दश हजार रुपैयाँ देखि एक लाख रुपैयाँसम्म जरिवाना वा ६ महिनासम्म कैद वा दुवै सजाय हुने व्यवस्था रहेको जानकारी गराइन्छ ।

अतः यस्ता गतिविधिले स्रष्टा-सर्जक, कलाकार, निर्माता लगायत सिंगो चलचित्र क्षेत्रलाई नै गम्भीररुपमा नोक्सानी र निरुत्साहित पुऱ्याउने भएकाले प्रतिलिपि अधिकार विपरीतका यस्ता कार्यहरु नगर्न नगराउनु हुन यो विज्ञप्ति जारी गरिएको छ ।

मितिः २०७९/०२/१७

लालबहादुर बस्नेत
प्रवक्ता तथा सूचना अधिकारी

CamScanner